ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २८१
२९ असार २०८० शुक्रबार
14 Jul. 2023, Friday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## १८ वर्षपछि वन उपभोक्ता समिति पुनर्गठन गरेर वन संरक्षणमा स्थानीय जुट



**विजय साह**

**असार २८ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-११, तुसलीका स्थानीयवासी वन संरक्षणमा सक्रिय भएका छन् । चुरेको फेदमा रहेको तुसलीका स्थानीयवासी १८ वर्षपछि सामुदायिक वन उपभोक्ता समिति पुनर्गठन गरेर वन संरक्षणमा जुटेका हुन् ।

२०५८ सालमा सुन्दरी सामुदायिक वन उपभोक्ता समिति गठन गरेर एक हजार छ सय हेक्टर वन क्षेत्र संरक्षणका लागि समुदायलाई जिम्मा दिइएको थियो । तर, २०६२ सालमा आएर उपभोक्ता समिति निष्क्रिय भएपछि वन अतिक्रमणसँगै काठ तस्करी ह्वात्तै बढेको थियो । त्यस क्षेत्रमा घर टहरा बनाएर तथा खेतीयोग्य जग्गामा परिणत गरेर वन अतिक्रमण बढेको थियो ।

दुई साताअघि मोहन सापकोटाको अध्यक्षतामा सुन्दरी सामुदायिक वन उपभोक्ता समिति पुनर्गठन गरिएको छ । पुनर्गठन भएपछि समितिका अध्यक्ष सापकोटा लगायत सम्पूर्ण पदाधिकारी वन कर्मचारीसँग मिलेर वन अतिक्रमण खाली गराउने, काठ चोरी तस्करी रोक्न गस्ती गर्ने र खाली जग्गामा वृक्षरोपण गरेर पुनः वन क्षेत्रलाई हराभरा बनाउने अभियान अभियान जुटेका छन् ।

समितिका अध्यक्ष सापकोटाले दुई साताको अवधिमा दुई हेक्टरभन्दा बढी वनको अतिक्रमित जग्गा खाली गराएको बताउनुभयो । उहाँले भन्नुभयो, “कुनै बेला हरियो देखिने डाँडाकाँडा उजाड बनेको छ । ठूल्ठूला रुख तस्करले सिध्याउन खोजेपछि संरक्षण गर्न हामी जमर्को कसेका छौं ।“

वन विनासका असरहरु देखिन थालेको बताउँदै उहाँले अहिले हामीले वन जोगाएनौं भने कलान्तरमा धेरै दुःख हुने बताउनुभयो । तापक्रममा वृद्धि, जमिनमुनि पानीको सतह घट्दै जानु र पर्यावरण असन्तुलन हुनु वन विनासको कारण भएको अध्यक्ष सापकोटाको बुझाइ छ ।

लालगढ सब डिभिजन वन कार्यालयका अधिकृत मदन चौधरीले तुसलीमा वर्षौंदेखि निष्क्रिय रहेका दुई वटा सामुदायिक वन उपभोक्ता समिति पुनर्गठन गरिएको बताउनुभयो । सुन्दरी र मोती खोला सामुदायिक वन उपभोक्ता समिति वर्षौंपछि पुनर्गठन भएको उहाँले जानकारी दिनुभयो । दुबै वन उपभोक्ता समिति आन्तरिक विवादका कारण निष्क्रिय बनेको थियो । सरकारले चाहेर मात्र काठ चोरी तस्करी र वन अतिक्रमण रोक्ने सम्भावना न्यून रहेकाले स्थानीयवासीको सहभागिता आवश्यक भएको महसुस गरिएको थियो । वन उपभोक्ता समिति पुनर्गठनपश्चात् थुप्रै ठाउँको अतिक्रमित जग्गा खाली गराएर वृक्षरोपण गरी तारजाली लगाइएको उहाँले बताउनुभयो ।

यसरी तारजाली लगाउँदा वनभित्र भएका बोट बिरुवाको संरक्षण हुने र स्थानीयको अन्नबालीको पनि संरक्षण हुन्छ ।

वन्यजन्तु मानव बस्तीमा पसेर अन्नबालीको नोक्सानी गर्न नसक्ने र घर पालुवा जनावर पनि वन क्षेत्रमा प्रवेश गर्न नसक्ने हुँदा वन क्षेत्रका रुख बिरुवा फस्टाउने उहाँको भनाइ छ ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख बेचन चौधरीले वन संरक्षणमा तुसलीका जनता जागरुक बनेपछि खुशी व्यक्त गरेका छन् । त्यस क्षेत्रमा काठ चोरी तस्करीका गुनासो निकै सुनिन्थ्यो । वन उपभोक्ता समिति सक्रिय भएपछि काठ चोरी निकासीमा नियन्त्रण र वन अतिक्रमण रोकिएको दाबी उहाँले गर्नुभयो । सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको नाउँमा जथाभावी वन अतिक्रमण बढेको थियो ।

यसका साथै अन्यत्र घर भएकाले पनि सो स्थानमा अस्थायी घर टहरा बनाएर अतिक्रमको प्रयास गरेको थियो । अब वन क्षेत्रलाई अतिक्रमण मुक्त बनाउँदै सामुदायिक वनको स्तर सुधार्नमा जोड दिने डिभिजनल प्रमुख चौधरीले बताउनुभयो ।

## मधेश प्रदेश: आचरणविपरीत काम गरेका दुई सयभन्दा बढी प्रहरी कारबाहीमा

**खबर दर्पण समाचारदाता**

**असार २८ गते, महेन्द्रनगर**

आचरण विपरीत काम गरेको २ सयभन्दा बढी प्रहरी कर्मचारी कारवाहीमा परेका छन् ।

आर्थिक वर्ष ०७९/८० को साउनदेखि जेठ मसान्तसम्म ११ महिनामा राम्रो कार्य गर्ने प्रहरीलाई पुरस्कृत गरिएको छ भने, आचरणविपरीत कार्यमा लागेका प्रहरीलाई प्रहरी ऐन नियमावली अनुसार कारबाही भएको छ ।

आठ जिल्लाबाट उत्कृष्ट कार्य गरेका ७९१ जना प्रहरीलाई विविध विधाले पुरस्कृत गरिएको छ भने आचरणविपरीत गर्ने २७३ जना प्रहरीलाई कारबाही गरिएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले बताए । पुरस्कृत हुनेहरुमा ६ जना प्रहरी वरिष्ठ उपरीक्षक, १३ प्रहरी उपरीक्षक, २७ जना प्रहरी नायब उपरीक्षक, ५९ जना प्रहरी निरीक्षक, ४५/४५ जना प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक छन् ।

यसैगरी, प्रहरी सहायक निरीक्षक १११ जना, प्रहरी वरिष्ठ हवल्दार ५७, प्रहरी हवल्दार ११३, प्रहरी सहायक हवल्दार १६१, प्रहरी जवान १३४, एक प्रशिक्षार्थी प्रहरी जवान र १९ जना प्रहरी कार्यालय सहायकलाई पुरस्कृत गरिएको उनले जानकारी दिए ।

यस्तै, प्रहरी आचरणविपरीत कार्य गर्ने २ सय ७३ जना प्रहरीलाई प्रहरी ऐन नियमावली अनुसार कारबाही भएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रहरी प्रवक्ता प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले बताए ।

उनका अनुसार प्रहरी जवानदेखि प्रहरी निरीक्षकसम्म कारबाहीमा परेका छन् ।

छ जना प्रहरी निरीक्षक, ४ जना प्रहरी वरिष्ठ नायब निरीक्षक, ९ जना प्रहरी नायब निरीक्षक, १७ जना प्रहरी सहायक निरीक्षक, १२ जना प्रहरी वरिष्ठ हवल्दार, ५५ जना प्रहरी हवल्दार, ५२ जना प्रहरी सहायक हवल्दार, १०३ जना प्रहरी जवान, प्रशिक्षार्थी प्रहरी जवान र छ जना प्रहरी कार्यालय सहयोगी कारवाहीमा परेका छन् । आठै जिल्लाबाट १२८ जनालाई नसिहत, ४० जना निलम्बन, २५ जनाको ग्रेड घटुवा, २२ जनाको ग्रेड रोक्का, १४ जनाको पदोन्नति रोक्का, १३ जनालाई सेवाबाट हटाइएको, १० जनालाई सचेत गराइएको, ८ जनालाई सेवा अन्त्य गराइएको छ ।

यसैगरी, ७ जनालाई सुरु स्केलमा घटुवा, ४ जना स्वतः निलम्बन र १-१ जनालाई सेवाबाट बर्खास्त गरिनुका साथै चाल-चलनमा प्रतिकूल राय नभएकोलाई कारवाही गरिएको सूचना अधिकारी श्रेष्ठले बताए ।

## भुक्तानी नपाएपछि धर्ना

**खबर दर्पण समाचारदाता**

**असार २८ गते, सप्तरी**




राजविराज नगरपालिकामा विभिन्न निर्माण काम गरेबापतको रकम भुक्तानी नपाएपछि उपभोक्ता समितिका पदाधिकारी तथा निर्माण व्यवसायीले नपा कार्यालयमा तालाबन्दी गरेर धर्ना दिएका छन् । नगरपालिका मार्फत भएका सडक, नाला, प्रवेशद्वार, सामुदायिक भवन निर्माणलगायत विभिन्न योजनाको भुक्तानी नपाएपछि उपभोक्ता समितिका पदाधिकारी तथा निर्माण व्यवसायीहरू आन्दोलनमा उत्रेका हुन् ।

उपभोक्ता समितिका अध्यक्षमध्येका अनिल देवले तीन दिनदेखि आफूहरू आन्दोलनमा बस्दा पनि नगर पालिकाका पदाधिकारीले कुनै चासो नदेखाएको गुनासो पोख्नुभयो । आफूहरूले काम गरेबापतको रकम भुक्तानी पाउनुपर्ने एक सूत्रीय मागका साथ आन्दोलनमा उत्रिएको बताउँदै उहाँले यस्तै बेवास्ता गरिए अनशनमा उत्रिने चेतावनी दिनुभयो ।

भुक्तानीको अन्तिम समय आइतबार मध्यरातिसम्म भुक्तानी नभएका कारण नगरपालिकामार्फत गरिएका काममध्ये करिब १० करोड रुपियाँभन्दा बढीको भुक्तानी बाँकी रहेको नगरपालिकाले जनाएको छ । यता तीन दिनदेखि उपभोक्ता समितिका पदाधिकारी तथा निर्माण व्यवसायीहरू नगरपालिका कार्यालयमा तालाबान्दी गरी धर्ना दिँदा नगरपालिकामा विभिन्न कामले आएका सेवाग्राही भने निराश भई फर्किने गरेका छन् ।


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

### २४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# कारबाही किन रोकिए?

एक दर्जन भन्दा बढी जिल्ला न्यायाधीशहरू अहिले न्यायपरिषद्को कारबाहीको घेरामा छन्। विवादमा परेका र कारबाही अघि बढेका न्यायाधीशलाई कि त चा“डो सफाइ दिइयोस् कि चा“डो बिदा गरियोस्। विवादित व्यक्तिलाई विस्थापित गराउने काममा जति ढिलाइ होला तबसम्म न्यायालय सुध्रिन सक्दैन। अक्षम, भ्रष्ट वा कार्यक्षमताको अभाव रहेका न्यायाधीशलाई बिदाइ गर्नुको विकल्प छैन।

विभिन्न आधारमा बदनाम भएका, कारबाही भोगिरहेका, मोलमोलाइमा सामेल भएका र आफैँ बदनाम न्यायाधीशलाई पालेर न्यायपालिका सुध्रिने वा तिनले जनतालाई न्याय दिने कल्पना पनि गर्न सकिँदैन। लामो समयसम्म त्यस्ता न्यायाधीशलाई न्यायपरिषद्ले कारबाहीमा झुलाएर राख्ने, भएका अध्ययन प्रतिवेदनको कार्यान्वयनसमेत नगर्ने परिपाटीले न्यायपालिकामा राम्रो काम गर्ने न्यायाधीशको स्तरोन्नति हुने, राम्रोले अवसर पाउने कल्पना पनि गर्न सकिने अवस्था छैन। नक्कली प्रमाणपत्रधारी व्यक्तिले लामो समय न्यायाधीशका रूपमा बिताउने, तिनलाई अदालतमा मुद्दा चलेर सजाय हुन सक्ने अवस्था अवकाशपछि मात्रै आउने अवस्थाले न्यायाधीश छान्ने प्रणाली गलत रहेको पुष्टि भइसकेको छ। कारबाहीमा नपरेका तथा न्याय सम्पादनमा कुनै प्रभावकारी काम गर्न नसक्ने न्यायाधीशलाई स्वेच्छिक अवकाश वा गोल्डेन ह्यान्डसेकमा पठाउनु उचित हुन्छ।

# सांस्कृतिक पर्व मधुश्रावणी

**- भारती चौधरी**

सांस्कृतिक पर्व मधुश्रावणी सुरु भएको छ । तिथिका हिसाबले साउन महिनाको कृष्ण पक्षको मौना पञ्चमीदेखि प्रारम्भ भइ शुक्ल पक्षको तृतीया तिथिका दिन समापन हुने गरेको छ। यस पटक मलमास परेका कारण पर्वको अवधिमा हेरफेर भएको छ। साउन महिना आध्यामिक महिना हुनुका साथै धर्मग्रन्थहरुमा साउन महिनालाई मधुमासको रुपमा स्वीकार गरिएको छ ।

वर्षा ऋतुमा सर्पको आगमन र विचरणले मानव जीवन त्रस्त हुनुका साथै नागनागिन प्रकृतिका प्रतीक हुनुले यो पर्व मुख्यतः शिव पार्वती तथा नागनागिनको पूजामै केन्द्रित रही मनाइने चलन छ ।सामाजिक सांस्कृतिक परम्परामा आधारित यो पर्व वैवाहिक जीवनको प्रवेशमा पहिलो वर्ष धुमधामसँग मनाइन्छ भने त्यसपछि प्रत्येक वर्ष सो अवसरमा कथा सुन्ने सुनाउने परम्परा छ ।

सामान्यतः तेह्र दिनसम्म ( तिथिको गणनामा थपघट हुँदा पर्वको अवधिमा पनि हेरफेर हुने गरेको ) मनाइने भए पनि यस वर्ष मलमासका कारण ४४ दिनसम्म लम्बिन गएको छ । यस पर्वमा मैथिल पुत्री विभिन्न गीत गाउदै श्रीमानले ल्याए वा पठाएको फरिया , घोघट लगाएर सखीहरूसँग फूलवारीमा फूल टिप्दै लोकाचारलाई रागात्मक धरातलमा उभ्याउने गर्छिन् । अवधिका हिसाबले सबैभन्दा लामो समयसम्म अनुष्ठान गरिने यो पर्व वर्षभरिकै ठूलो पर्व हो। पर्व अवधिभर प्रत्येक दिन गौरी तथा नागनागिनको पूजा गरी शिव पार्वती , नागसँग सम्बन्धित कथा सुन्ने सुनाइने गरिन्छ । यस क्रममा कतिपय कथा शिव पार्वतीको वैवाहिक , रोमाञ्चक प्रसंग एवं ठठयौली आदिले भरिएको कारण जीवनमा श्रीमानप्रतिका् स्नेह सौहार्दतालाई प्रगाढ बनाउनेतर्फ लक्षित छ । सर्पको आमा विसहरा र उनका वंशका बारेमा कथाहरु श्रवण गर्नु नाग पूजाको भावलाई उजागर गर्दछ। मैथिल समुदायका ब्राह्मण ,कायस्थ ,देव र सोनार जातिमा यो पर्व मनाइने गरिएको पाइन्छ। धार्मिक दृष्टिले मधश्रावणी पर्व शैव धर्मसित सम्बन्धित बुझिन्छ। शिव आशुतोष र मनोवाञ्छित फल प्रदान गर्ने देवताका रूपमा रहेका छन् । यसका साथै यस पूजामा तन्त्रको पनि प्रभाव रहेको देखिन्छ । तान्त्रिक दृष्टिले शिवको महत्वपूर्ण मानिन्छ। तन्त्रशास्त्रलाई शिवप्रणीत भनिन्छ । गौरीलाई शिवकी शक्तिका रूपमा मिथिलामा स्वीकार गरिएको छ । प्रत्येक सधवा महिलाले गौरपुज्न गर्दा शिवसहित गौर्ये नमः जस्ता मन्त्र उच्चारण गर्ने गर्दछिन । गौरीलाई सौभाग्यप्रदायिनी देवी मानिएको छ । गौरीलाई दाम्पत्य जीवनको संरक्षिका र नागलाई नारीको पतिका रूपमा वंशलाई समाप्त पार्ने प्रवृत्तिको जीव मानिएकाले यस पर्वमा गौरी तथा नाग-नागिनको विशेष पूजा आराधना गर्ने गरिएको पाइन्छ। वैदिक भावनानुकूल र सांस्कृतिक परम्परामा आधारित यो पर्वको उद्देश्य सुखी एवं दीर्घ दाम्पत्य जीवनका लागि गौरीका दाम्पत्य जीवनका प्रसङ्गका माध्यमले जीवनलाई सुखी बनाउने र मनकामना पूर्णका लागि उत्प्रेरित गर्नु रहेको छ ।।

मिथिलाकी राजकुमारी सीताद्वारा गौरी पूजन गरिएकाले नै भगवान श्रीराम जस्ता पति पाइन् भन्ने धार्मिक आस्था पनि देखिन्छ । वाल्मीकि रामायणका अनुसार गौरी पूजनका लागि सीताले फूल टिप्ने क्रममा रामसँग भेंट भएको थियो । यो पर्व कहिलेदेखि सुरू गरिएको हो भन्न सकिने तथ्य नरहे पनि शिव पुराणको प्रसङ्ग अनुसार मधुश्रावणी नामक नवविवाहिता शिवलाई आफ्नो पतिलाई कुष्ठरोग भएको व्यथा सुनाउदा शिवले तिनलाई यस प्रकारको व्रत गर्न सुझाव दिए । उहाँको सुझाव अनुसार उनले व्रत गरेपछि पति निको भइ स्वस्थ भए । त्यसै दिनदेखि प्रत्येक नवविवाहिताले यसलाई वैधव्य रक्षार्थ अनुपालन गर्दे परम्परागत रूपमा मनाउदै आएको बुझिन्छ ।मधुश्रावणी पर्व दार्शनिक दृष्टिकोणबाट महत्वपूर्ण रहेको मानिन्छ। यस पर्व अन्तर्गत भनिने कथाहरूमा सृष्टितत्व , पृथ्वीको जन्म आदिको बयान हुनुका साथै जीवन , प्रारब्ध , कर्मफलको भाग ,पुनर्जन्म लगायतका गम्भीर विषयहरूलाई लोकथाको माध्यमले सुनाइने गरिन्छ। श्रावण वर्षातको महिना हो। यतिवेला जताततै हरियाली हुन्छ। वनमा मयुर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन् ।

वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपिल गर्ने मौसम मानिन्छ। यस्तो बेला नवविवाहिता जोडीबीच रतिरागदेखि भावनात्मकरूपमा एकाकार गराउनु पर्वको मुख्य पक्ष रहेको हुन्छ । तसर्थ यो पर्व नवविवाहिताका लागि विशेष हुने गरेको छ। पर्वमा एकदिन महादेव गौरीसँग सरोवरमा जलक्रीडा गर्दा, आफ्नो स्खलित भएको वीर्य पुरैन कमल को पातमा राखेको र त्यही वीर्यबाट पाँच नागकन्या बिसहराको जन्म भएको कथा प्रचलित छ। तलाउमा जलक्रीडाका बेला जन्मेका यी छोरीसँग शिवजीको प्रेम हुनु स्वाभाविक थियो । महादेवको नित्य छोरी भेट्न जाने र घण्टौं छोरीहरूसँग खेल्ने गरेका र यो वृत्तान्त थाहा नपाएकी गौरीलाई पतिप्रति शंका बढेपछि पिछा गरेको कथा छ । एकदिन छोरीहरूसँग खेलिरहेका पतिलाई देखेर क्रोधित भएकी गौरीलाई शिवले सबै कुरा बताएपछि क्रोध शान्त भएको प्रसंग छ। पार्वतीलाई खुसी तुल्याएपछि शिवले साउन महिनामा यी नागिनको पूजा गर्नेलाई सर्पको भय नहुने वरदान दिएबाट मधुश्रावणी पर्वमा विषहराको पूजा विधान सुरु भएको लौकिक जनविश्वास छ। देवी गौरी दाम्पत्य जीवन सुखद बनाउने र सबै मनोकामना पूरा गर्ने मानिएकीले उनको पूजाअर्चना नवविवाहिताले यसै अभीष्टका लागि सुरु गरेका मिथिला लोकसंस्कृतिमा रहेको छ ।

यस पर्वको सबभन्दा आकर्षक, प्रारम्भिक तथा कलात्मक पक्ष भने लोकगीतको लयसँगै ‘अरिपन’ लेख्नु, रोचक लोककथा सुन्नु सुनाउनु र ‘फूललोढव’ अर्थात् फूल संकलन गर्नु हो । पूजाको पूर्वसन्ध्यामा पूजा गरिने निर्धारित कोठालाई सफासुग्घर गरी गोबर माटोले भुँइ लिपी अरिपन लेखिन्छ । ‘चौकोर’ अरिपनभित्र चन्द्र, सूर्य, नवग्रह, जोडी नाग, पुरहैर- पातिल, कलश, कलात्मक माटोको हात्ती र राखिने ठाउँ छुट्याइन्छ । यसैगरी लोककथासँगै जोडिएको कुशमावती, पिङला, चनाइ, लिली, साठी, गौरी, एक अर्कोमा लटपटिएको जोडी नाग, मैनाको पात आफ्नो निश्चित रूपाकारमा सविस्तार लेखिन्छ । कमलको फूलमा भगवती गौरीको पदचिन्ह वा गौरीयन्त्र लेखिएको हुन्छ । मधुश्रावणी पर्व विवाह भएको पहिलो वर्ष मनाइने हुँदा प्रायः विवाहको समयमा प्रयोग गरिएको कोबर घरलाई प्रयोगमा ल्याइन्छ। कोबर घरका भित्तामा लेखिएको कोबर, नैनाजोगीन, गौरी पुजाको माटोको हात्ती, कलश, पुरहैर- पातिल आदि सरसामान विवाहको एक वर्षसम्म सुरक्षित राखिएको हुन्छ । तसर्थ मधुश्रावणी पर्वको समयमा प्रयोगमा ल्याइन्छ।

सूर्यास्त हुनुपूर्व ‘बटगवनी’ बाटोमा गाउने गीत गाउँदै घरबाट निस्किने मैथिलानीहरूको यो टोली नजिकको बाग बगैंचा वा फूलबारीमा पुगी विभिन्न जातिका फूलपात र बुट्यान संकलन गर्छन् । संकलित फूल- पातलाई आकर्षक ढंगले डालामा सजाउँछन ।

यसक्रममा मधुर लोकगीतको अटूट निरझरनी प्रवाहित भइरहन्छ । समूहमा ‘फूललोढी’ मा निस्केका नवयौवना नवविवाहिता मिथिलानी साउने झरीमा रुम्दै, आपसी हास परिहासमा मस्त र यसबेलामा गाइने प्रणयगान स्वाभाविक रूपमा वरपर हुने सबैको ध्यान त्यसतर्फ खिचिन्छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अनुसन्धान भन्छ : नेपालका कुनै पनि विशेष आर्थिक क्षेत्र सही ठाउँमा छैनन्

**सम्झना घिमिरे**

**असार २८ गते, काठमाडौं**

नेपालमा निर्माण भइसकेका र निर्माणाधीन विशेष आर्थिक क्षेत्रहरु गलत स्थानमा भएको एक अध्ययनले देखाएको छ। नीति अनुसन्धान प्रतिष्ठानले गरेको 'विशेष आर्थिक क्षेत्रको वर्तमान अवस्था, समस्या र सञ्चालनका उपाय' नामक अध्ययनले यस्तो निष्कर्ष निकालेको हो।

अध्ययनअनुसार निर्माणसम्पन्न भैरहवा विशेष आर्थिक क्षेत्रसहित निर्माणाधीन अवस्थामा रहेका ७ वटा आर्थिक क्षेत्र गलत स्थानमा छन्।

'राजनीतिक नेतृत्वले आफ्नो निर्वाचन क्षेत्रमा विशेष आर्थिक क्षेत्र लैजान तानातान गर्दा पनि गलत ठाउँमा क्षेत्र स्थापना भइरहेका छन्,' प्रतिवेदनमा भनिएको छ।

सडकमार्ग, छिमेकी मुलुकसँग जोड्ने रेल सेवा नजिक नहुनु, आर्थिक क्षेत्र आफ्नो निर्वाचना क्षेत्रमा पार्न राजनीतिक तानातान हुनु र सरकारले विशेष आर्थिक क्षेत्रमा उद्योगीलाई आर्कषित गर्ने प्याकेज नल्याउनुले पनि यस्ता क्षेत्र प्रभावविहीन बनेको अध्ययनले जनाएको छ।

त्यसो त नेपालको पहिलो भैरहवा विशेष आर्थिक क्षेत्रले निर्माणको तीन वर्ष बितिसक्दा पनि २५ प्रतिशत भन्दा बढी क्षेत्रफलमा उद्योग स्थापना गर्न सकेको छैन। यो तीन वर्षमा १७ वटा उद्योग सञ्चालन गर्न अनुमति लिएका निजी क्षेत्रले समेत उद्योग स्थापना गरेका छैनन्। जसका कारण ७५ प्रतिशत क्षेत्र खाली हुन पुगेको हो। भैरहवामा अहिले ७ वटा उद्योग मात्रै निर्माण भएका छन्। तर, तिनको पनि उत्पादनको अवस्था दयनीय छ।

भैरहवा विशेष आर्थिक क्षेत्रमा सञ्चालनमा रहेका ४ वटा उद्योगले यो तीन वर्षमा जम्मा ३ अर्ब रुपैयाँ बराबरको उत्पादन मात्रै निर्यात गरेका छन् भने बाकी तीन वटा उद्योग स्थापना भए पनि उत्पादन गर्न सकेका छैनन्।

महत्वाकांक्षी योजनाका रुपमा अगाडि बढाइएको भैरहवा विशेष आर्थिक क्षेत्रले नै पर्याप्त उद्योग पाउन नसकिरहेको बेला सरकारले हरेक प्रदेशमा एक/एक वटा विशेष आर्थिक क्षेत्र बनाउने योजना ल्यायो। अध्ययन प्रतिवेदनले ती क्षेत्रहरुको अवस्था भैरहवाको जस्तै हुने चेतावनी दिएको छ।




सरकारले आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को बजेट वक्तव्यमा प्रत्येक प्रदेशमा एक/एक र नुवाकोट एवं काभ्रेपलाञ्चोकको पाँचखालमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने उल्लेख गर्‍यो। सो बमोजिम कोशीको विराटनगर, गण्डकी प्रदेशको गोरखा र सूदुर पश्चिम प्रदेशको कैलालीमा विस्तृत परियोजना प्रतिवेदन तयार भए तापनि निर्माण कार्यको थालनी भएको छैन।

मधेश प्रदेशको सिमरा (ए) ब्लक र लुम्बिनी प्रदेशको भैरहवाको पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ। कर्णालीको जुम्लामा पहुँच सडक, बाउन्ड्री वाल र प्रशासकीय भवन निर्माणको कार्य मात्र भएको छ। नुवाकोटको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छैन।

भैरहवा, सिमरा, पाँचखाल र जुम्ला समेत ७ स्थानको ६ सय ९२ हेक्टर क्षेत्रफलमा ५ सय २७ व्यावसायिक प्लट सहितको विशेष आर्थिक क्षेत्र निर्माणको लागत अनुमान २४ अर्ब २४ करोड २० लाखमध्ये ३ अर्ब २३ करोड लागतको मात्र कार्य सम्पन्न भएको छ।

महालेखाले यी सबै विशेष आर्थिक क्षेत्रहरु उद्योग र उत्पादनकेन्द्रित नभएको बताउँदै प्रशासनिक भवन, क्वार्टर र सभाहलमा अनावश्यक खर्च गर्दै आएको उल्लेख गरेको छ।

'प्राधिकरणले उद्योग स्थापनाका लागि आवश्यक भौतिक सुविधा, पहुँच सडक, विद्युतीकरण, खानेपानी, कच्चा पदार्थको आपूर्ति प्रणालीको विकास गर्नुपर्नेमा पहिले ठुल्ठूला प्रशासनिक भवन, सभाहल र कर्मचारी क्वार्टर जस्ता भौतिक पूर्वाधारमा लगानी गरेको देखियो,' महालेखाको ६० औँ वार्षिक प्रतिवेदनमा उल्लेख छ।

औद्योगिक पूर्वाधार तयार नगरी अन्य संरचना निर्माण गरेका कारण निर्मित संरचना प्रयोगविहीन अवस्थामा रहेको तथा मर्मतसम्भार खर्च समेत बढ्न गएको औंल्याएको महालेखाले औद्योगिक वातावरण तयारी गरेर मात्रै भवन लगायतका संरचनाको निर्माण गर्नुपर्ने सुझाएको थियो। औसतमा बर्सेनि ५० करोड बजेट विनियोजन हुँदै आएको विशेष आर्थिक क्षेत्रमा न त सरकारले चासो दिएको छ, न विशेष आर्थिक क्षेत्र विकास प्राधिकरणले नै।

प्राधिकरणका अनुसार सरकारबाट प्राधिकरणले ६ अर्ब ६६ करोड रुपैयाँ बजेट पाइसकेको छ। प्राधिकरणका अनुसार आर्थिक वर्ष २०६४/६५ सम्म २२ करोड, आव २०६५/६६ देखि २०७७/७८ सम्म ६ अर्ब ४४ करोड रुपैयाँ गरी कुल ६ अर्ब ६६ करोड रुपैयाँ बजेट विनियोजन भएको हो। यसमा पुँजीगततर्फ ६ अर्ब ६१ करोड रुपैयाँ छुटिएकोमा प्राधिकरणले ३ अर्ब १९ करोड रुपैयाँ मात्रै खर्च गर्न सकेको छ भने चालु तर्फ ३ करोड मात्रै खर्च गरेको छ। यो भनेको कुल बजेटको ४८ प्रतिशत मात्रै हो।

महालेखाले विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्य क्षमतामा प्रश्न उठाउँदै विकासे कार्यमा ढिलाइ हुँदा औद्योगिक विकासमा समेत असर गरेको उल्लेख गरेको हो।

## कुन विशेष आर्थिक क्षेत्रको अवस्था कस्तो?

**भैरहवा विशेष आर्थिक क्षेत्र**

आर्थिक वर्ष २०६० सालदेखि निर्माण थालिएको भैरहवा विशेष आर्थिक क्षेत्र २०७५ भदौबाट सञ्चालनमा आइसकेको छ। नेपालकै पहिलो यो विशेष आर्थिक क्षेत्र १ अर्बको लगानीमा निर्माण गरिएको हो। करिब ५२ बिघा क्षेत्रफलमा फैलिएको यो क्षेत्रमा ६९ वटा प्लटहरुमध्ये उद्योगका लागि ६७ वटा प्लट छुट्याइएको छ। यसमा १७ वटा उद्योगले स्थापनाको स्वीकृति लिए पनि ७ वटा उद्योग मात्र निर्माण भएका छन्। जसमा ४ वटा उद्योग हाल सञ्चालनमा रहेका छन्।

अनुमति लिएका उद्योगहरुले समेत तीन वर्षसम्म उद्योग स्थापना गर्न तदारुकता नदेखाउनुका साथै नयाँ उद्योगहरु अनुमतिका लागि नआउँदा यो क्षेत्रको ७७ प्रतिशत जमिन प्रयोगविहीन अवस्थामा रहेका हुन्।

सञ्चालनमा भने शक्ति मिनरल्स, ब्रिलियन्ट लाइटेनिङ इन्डस्ट्रिज, विस्तार ग्लोबल लिमिटेड र पञ्चकन्या एसएस एक्सपोर्ट लिमिटेड छन्। यी चार कम्पनीले गएको तीन वर्षमा ३ अर्ब बराबरको वस्तु उत्पादन गरेर निर्यात गरेका छन् भने अन्य अझै सञ्चालनमा आउन सकेका छैनन। यसै बीच अनुमति लिएर पनि ७ वटा उद्योगहरुले उद्योग स्थापना नगर्दा २० वटा प्लट रद्द भएका छन्।

**सिमरा विशेष आर्थिक क्षेत्र**

कुल ८ सय ४३ विघा क्षेत्रफलमा फैलिएको सिमरा विशेष आर्थिक क्षेत्र बनेको खण्डमा नेपालकै सबैभन्दा ठूलो आर्थिक क्षेत्र बन्ने छ। विभिन्न ब्लक बनाएर निर्माण थालिएको यो क्षेत्रको ब्लक एम भने निर्माण सम्पन्न भइसकेको छ। ३ सय ४३ विघा रहेको ए ब्लकमा ६८ वटा प्लट छन्। एउटै ब्लक निर्माणमा २ अर्ब ७२ करोड छुट्याएको प्राधिकरणले हाल रिटेन वाल र कम्पाउन्ड वाल निर्माणको काम गरिरहेको छ।

निर्माणको ८० प्रतिशत काम सम्पन्न गरेको ब्लक ए मा उद्योग स्थापनार्थ आर्कषक प्याकेज निर्माण गर्नुको साटो प्राधिकरण प्रशासनिक भवन र कम्पाउन्ड वाल निर्माणमा मात्रै केन्द्रित भएको आरोप लगाउँदै महालेखाले उद्योग स्थापनामा ध्यान दिन निर्देशन समेत दिएको थियो।

नीति अनुसन्धानको प्रतिवेदनले भने ज्यादै महत्वाकांक्षी योजना भएको हुँदा चरणबद्ध रुपमा वित्त विनियोजन वा परिचालनको व्यवस्था राखिनुपर्ने भन्दै सबै ब्लकहरुमा विशेष आर्थिक क्षेत्र विकास सञ्चालनको लागि कस्तो मोडालिटी अपनाउने भन्नेबारे अध्ययन नगरेको उल्लेख गरेको हो।

**पाँचखाल विशेष आर्थिक क्षेत्र**

काभ्रे जिल्लाको पाँचखाल नगरपालिकामा यो विशेष आर्थिक क्षेत्र निर्माणाधीन अवस्थामा छ। झण्डै १ हजार रोपनी क्षेत्रफलमा फैलिएको यस विशेष आर्थिक क्षेत्रको कुल अनुमानित लागत करिब ४ अर्ब छ। करिब ५० करोडको निर्माणको काम सकिएको यस क्षेत्रमा सडकको सहज पहुँच नहुँदा ढुवानी महँगो हुने देखिन्छ। महालेखाको प्रतिवेदनले यस क्षेत्रमा उत्पादित सामग्री ढुवानी महंगो हुन जाँदा आर्थिक लाभ गर्न नसक्ने उल्लेख गरेको छ।

हाल प्रशासनिक भवन र कम्पाउन्ड वालको कार्य भइरहेको यस क्षेत्रमा सामुदायिक वन कटानी कार्यमा हालसम्म एन्भारोमेन्टल प्लानिङ एन्ड म्यानेजमेन्ट (ईपीएम) स्वीकृत नभएको हुँदा थप काम अगाडि बढ्न सकेको छैन।

यी बाहेकका विशेष आर्थिक क्षेत्रहरु सम्भाव्यता अध्ययनमै अल्झिरहेका छन्। सरकारको पन्ध्रौं पञ्च वर्षीय योजना अन्तर्गत २०७६/७७ देखि ०८०/८१ सम्म पाँच वटा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने उदेश्य लिए पनि हालसम्म भैरहवा र सिमरा मात्रै आंशिक सञ्चालनमा आएका हुन्।


नीति अनुसन्धान प्रतिष्ठानको प्रतिवेदनले नेपालमा विशेष आर्थिक क्षेत्र निर्माण र सञ्चालनका लागि तय गरिएका स्थानहरु गलत भएको बताउँदै क्षेत्र र मोडालिटीबारे सरकारलाई अझै अध्ययन गर्न सुझाएको छ।

'अन्तर्राष्ट्रिय अभ्याससँग तुलना गर्दा यी विशेष आर्थिक क्षेत्रहरु सडक तथा रेल्वे नेटवर्कसँग जोडिएको, सुख्खा बन्दरगाहसँग गाँसिएको, नजिकको सामुद्रिक बन्दरगाहसँग यातायात र पारवहन सम्झौताले आवद्ध भएको र हवाई कार्गोको दृष्टिले अन्तर्राष्ट्रिय विमानस्थलको शीघ्र पहुँच भएको उपयुक्त स्थानमा छनोट भएको देखिँदैन। तसर्थ सरकारले मोडालिटी र क्षेत्रका बारेमा थप अध्ययन गर्नुपर्ने देखिन्छ,' अध्ययनमा भनिएको छ।

नेपाल खबरबाट

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।
**महोत्तरी गाउँपालिका कार्यालय**
महोत्तरी

अवरोध घटाऔं, आमा र शिशुलाई स्तनपानबाट वञ्चित नगरौं




**बटेवर गाउँपालिका**
बटेश्वर, धनुषा

सार्वजनिक हितमा जारी सन्देश

- आ-आफ्नो बालबालिका जन्मेको ३५ दिन भित्र सम्मन्धीत वडा कार्यालयबाट जन्मदर्ता बनाऔं ।
- सार्वजनिक सम्पतीको सबैको साँझा सम्पती र धरोहर हो सबै मिलेर सुरक्षा गरौं । विनास हुनबाट बचाऔं ।
- वर्षायाम सुरु भएकोले घर बाहिर निस्किदा विहान र बेलुका टर्च लाईट र लठ्ठी लिएर मात्र निस्किनुहोस् ।
- जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं ।
- सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं । भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं ।

**गणेशमान चारनाथ नगरपालिका**
विरेन्द्रबजार, धनुषा

# निजामती कर्मचारीहरूको विवरण अध्यावधिक गर्ने पोर्टल मधेश प्रदेशलाई हस्तान्तरण



**अजयकुमार झा**

**असार २८ गते, जनकपुर**

मधेश प्रदेशका निजामती कर्मचारीहरूको विवरण अध्यावधिक गर्नका लागि राष्ट्रिय किताब खानाले वैज्ञानिक सूचना प्रणाली पोर्टल आज हस्तान्तरण गरेको छ ।

मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले पोर्टलको हस्तान्तरण कार्यक्रममा बोल्दै यसबाट प्रदेशमा निजामती कर्मचारीको सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुग्नुका साथै विवरण लिन काठमाडौं जानु पर्ने बाध्यताको अन्त्य हुने विश्वास व्यक्त गर्नु भयो ।

उहाँले यस पोर्टलको सञ्चालनले मधेश प्रदेशमा निजामती कर्मचारी तथा स्थानीय तहमा खटेका निजामती कर्मचारीहरूको सेवामा सुधार आउने विश्वास व्यक्त गर्नु भयो ।

प्रदेश प्रमुख मिश्रले पिआईएस प्रणालीले कर्मचारीहरूको शुरु नियुक्ति देखिको सम्पूर्ण विवरणहरू समावेश र सुरक्षित रहने बताउँदै पोर्टलले सूचना क्यानको रुपमा काम गर्ने बताउनु भयो ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले निजामती किताब खानाले मधेश प्रदेशमा वैज्ञानिक सूचना प्रणालीको हस्तान्तरणले निजामती कर्मचारीको सम्पूर्ण विवरण प्रदेशमा नै सुरक्षित रहने बताउनु भयो ।

उहाँले मधेश प्रदेश सरकारले १ महिना भित्रमा नै स्थानीय तहको विधेयक प्रदेशबाट पारित गरेर प्रदेशमा रिक्त रहेको दरबन्दीमा प्रदेश लोकसेवा आयोग मार्फत कर्मचारी भर्ना गराउने पक्षमा प्रदेश सरकार रहेको बताउनु भयो ।

मुख्यमन्त्री यादवले सातै प्रदेश मध्ये सबैभन्दा पहिला नै निजामती ऐन ल्याउने मधेश प्रदेश भएको बताउँदै अव निजामती कर्मचारीको हकहित पेशाको सुरक्षा सहितको कामकाज गर्नका लागि प्रदेश सरकार अगाडी बढेको बताउनु भयो ।

मधेश प्रदेशका लोकसेवा आयोगका अध्यक्ष सुरेन्द्र प्रसाद यादवले मधेश प्रदेशको निजामती कर्मचारीका लागि वैज्ञानिक सूचना प्रणालीको हस्तान्तरण निक्कै महत्वपूर्ण क्षण भएको बताउँदै यसले निजामतीको कर्मचारीको विवरण अध्यावधिक हुने बताउनु भयो ।

मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरीले पिआइएस प्रणालीको हस्तान्तरणले मधेश प्रदेशका निजामती कर्मचारीहरूको विवरण प्रदेशमा नै सुरक्षित रहने भएकाले अव केही जानकारी लिनका लागि काठमाडौँ जानु पर्ने बाध्यताको अन्त्य भएको बताउनु भयो ।

मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्र कुमार ठाकुरले मधेशका निजामती कर्मचारीहरूको विवरण प्रदेश राजधानीमा नै रहने भएकाले यसले निजामती कर्मचारीको मनोबल बढ्ने बताउनु भयो ।

राष्ट्रिय किताब खाना उपमहानिर्देशक सुशीला अर्यालले प्रदेशका कर्मचारीहरूको विवरण अध्यावधिक गर्ने पोर्टल हस्तान्तरण भएपछि यसले निजामती कर्मचारीलाई सुविधा पुग्ने बताउनु भयो । उहाँले यस अघि किताब खानाले बागमती, गण्डकी र कोशी प्रदेशमा हस्तान्तरण गरिसकेको बताउनु भयो । कार्यक्रममा मधेश प्रदेशका निमित्त प्रमुख सचिव किशोर कुमार चौधरीले पिआईएस पोर्टलको हस्तान्तरणले निजामती कर्मचारीको मनोबल बढ्ने आशा व्यक्त गर्नु भयो ।

# महिला मजदुरको भरमा रोपाइँ



**जिवछ यादव**

**असार २८ गते, सिरहा**

असार १५ गतेदेखि सुरु भएको रोपाइँ कार्य महिला मजदुरहरूको भरमा भइरहेका छन् । विद्युत मोटरबाट सिँचाइ गरेर रोपाई कार्यमा लागेका कृषकहरू असार महिनाको अन्तिम हुन लागेकोले र ोपाइँलाई तीव्रता दिएका छन् ।

कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख महेन्द्र महासेठका अनुसार अहिलेसम्म सिरहा जिल्लामा २५ प्रतिशत रोपाइँ मात्रै भएको छ । मनसुनी वर्षा नभएकोले किसानहरू विद्युत मोटर प्रयोग गरी रोपाइँ कार्यमा लागि सकेका छन् ।

पुरुषहरू वैदेशिक रोजगार तथा अन्य कार्यमा व्यस्त हुँदा महिला मजदुरकै भरमा रोपाई केही वर्ष यता हुँदै आइरहेका छन् ।

सिरहामा ५४ हजार हेक्टर खेतमा धान उत्पादन भइरहेको प्रमुख महासेठले जानकारी गराउँदै भन्नुभयो, "१७ वटै पालिकाहरूले सिँचाइको लागि बोरिङ्ग जडान गर्ने कार्यलाई प्राथमिकता दिएपछि पुरुषहरू वैदेशिक रोजगारमा गएपनि महिलाहरूले बाझो जमिन नराखी खेतीतर्फ आकर्षित हुन थालेका छन् ।"

गोरुले जोत्ने हलो लोप नै हुन लागेको लहान-१३ का कृषक रघुवीर यादवले भन्दै ट्याक्टर नै खेत रोपाइँको लागि प्रयोग हुन थालेपछि महिला मजदुरहरूको भरमा रोपाइँ कार्य भइरहेको बताउनुभयो । पुरुष मजदुरले लिइने ज्याला जति नै महिलाहरूलाई दिइने चलन भएपनि बेर्ना उखेल्न र कोदालो चलाउन पुरुषहरू मजदुरहरूको आवश्यक पर्छ तर बढी ज्याला तिरेर पनि पुरुष मजदुर नपाउँदा समस्या भइरहेको उहाँले बताउनुभयो ।

वैदेशिक रोजगारमा गएकाहरूले घरमा रहेका श्रीमतीलाई कृषि मजदुरको रूपमा काम नगर्न मोबाइल फोनबाटै अह्राउने गरेकोले महिला मजदुरहरू पनि रोपाइँको लागि जान तयार नहुँदा मजदुरको अभाव हुने गरेको सखुवानन्कार कटि-३ का कृषक तिरपितलाल यादवले समस्या पोख्नुभयो ।

यता कृषकहरूलाई रासायनिक मलखाद्य सहज रूपमा उपलब्ध गराउन र आवश्यक प्राविधिक ज्ञान दिन किसानहरूलाई उत्साहित गराउन जिल्ला समन्वय समिति सिरहाले सरोकारवालाहरू निकायहरूसँग समन्वय गरी अनुगमन कार्यलाई प्राथमिकतामा दिएको समन्वय समितिका प्रमुख दिनेश कुमार महतोले जानकारी दिनुभयो ।

पुरानो प्रजातिका धानहरू किसानले उत्पादन गर्न छाडेर अहिले हाइब्रिड प्रजातिका सोना मनसुली कतरनी र रातो बासमती धान उत्पादन गर्न जोड दिएको लहान नगर पालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइले बताउनुभयो । उहाँको अनुसार सोना मनसुली धान असार महिनासम्म रोपाइँ भएमा राम्रो उत्पादन हुने भएकोले वर्षा नभएपनि वैकल्पिक सिँचाइका उपायहरू अवलम्बन गरेर कृषकहरू रोपाइँमा व्यस्त भइरहेका छन् ।

यता बरियारपटि गाउँपालिकाका कृषकहरूले रोपाइँ प्रयोजनको लागि प्रयोग गरिने सिँचाइ मिटर को एकमुस्ट २० लाख विद्युत प्राधिकरण लहानमा बुझाएर कृषकहरूलाई राहत दिएको गाउँपालिका अध्यक्ष सन्तोष कुमार महतोले जानकारी दिनुभयो ।




# बारामा ३५ हजारले नयाँ नागरिकता पाउने

**शिवशंकर मिश्रा**

**असार २८ गते, बारा**

नयाँ नागरिकता ऐन अनुसार बारा जिल्लाबाट करिब ३५ हजार व्यक्तिले नयाँ नागरिकता पाउने भएका छन् । जन्मसिद्धको आधार मा यस जिल्लाबाट नागरिकता पाउनेको सङ्ख्या करिब ३५ देखि ३६ हजार हुने अनुमान गरिएको प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले जानकारी दिनुभयो ।

०६३ सालमा बारा जिल्लाबाट ११ हजार ९३ जनाले जन्मसिद्ध नागरिकता लिएको र यसको आधारमा प्रति एक परिवार ३-४ जना सदस्य मात्रैले नागरिकता लिँदा पनि ३५ हजार बढीले जन्मसिद्ध नागरिकता पाउने आकलन गरिएको उहाँले बताउनुभयो । जन्मसिद्ध नागरिकका सन्तानलाई प्रशासन कार्यालयले असार १० गतेदेखि जन्मसिद्ध नागरिकताको प्रमाण-पत्र वितरण सुरु गरेकोमा हालसम्म छ सय जनाले सो नागरिकता प्राप्त गरेको प्रमुख जिल्ला अधिकारी सापकोटाले जानकारी दिनुभयो ।

सुरुमा दैनिक ५० वटाको दरले टोकन वितरण गरे पनि पछिल्लो समय दैनिक एक सय वटासम्म वितरण गर्दै आएकोमा आगामी २ महिनासम्मको लागि टोकन बुक ( रिजर्भ) भइसकेको उहाँले जानकारी दिनुभयो ।

यसैगरी सिमरा, कोल्हवी र सिम्रौनगढ इलाका प्रशासन कार्यालयबाट पनि जन्मसिद्ध नागरिकता वितरण भइरहेको छ । जितपुरसिमरा उपमहानगरपालिका ७ बाट सबैभन्दा धेरै सिफारिस आएको इलाका प्रशासन कार्यालय सिमराले जनाएको छ ।

नागरिकता लिन आउनेहरुमध्ये अधिकांशको बसोबास गरेको जमिनको धनीपुर्जा नभएको, धारा, विद्युत् शुल्क तिरेको रसिद र जग्गा जमिन नभएकाहरु पनि नागरिकता लिन आउने गरेको प्रमुख जिल्ला अधिकारी सापकोटाले बताउनुभयो ।

२०६३ सालमा जन्मसिद्ध नागरिकता लिएर पनि नेपालमा बसोबास भएको कुनै प्रमाण नभएकाहरु पनि नागरिकता लिन आउने गरेको छ । नागरिकता विधेयकमा रहेको त्रुटिका कारण धेरै व्यक्तिहरु नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट बञ्चित भएको उहाँले बताउनुभयो ।

अहिलेको विधेयक अनुसार बाबुआमामध्ये एकको नागरिकता नलिई मृत्यु भएका खण्डमा तीनका सन्तान नागरिकता लिनबाट वञ्चित हुनेछन् । यस्तो अवस्थामा नागरिकताको प्रमाणपत्र दिन समस्या भएको र त्यस्ताहरुको हकमा आफूहरुले गृह मन्त्रालयमा पत्र लेखेर पठाउने गरेको प्रमुख जिल्ला अधिकारी सापकोटाले भन्नुभयो ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा